नेपाल सरकार

# सूचना तथा सञ्चार मन्त्रालय

सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

सूचना तथा सञ्चार मन्त्री डा. विक्रम तिमिल्सिनासँग संयुक्त राज्य अमेरिकाका सार्वजनिक कूटनीति सम्बन्धी उपविदेश मन्त्री Ms. Sarah B. Rogers ले आज मन्त्रालयमा शिष्टाचार भेट गर्नुभयो।

उपविदेश मन्त्रीले संयुक्त राज्य अमेरिका र नेपालको मैत्रीपूर्ण सम्बन्धका बारेमा चर्चा गर्दै सूचना तथा सञ्चार क्षेत्रमा साझेदारी विस्तार एवं डिजिटल पूर्वाधार निर्माण गर्न तथा सूचना प्रविधि र दूरसञ्चार क्षेत्रको विकासमा नेपालसँग सहकार्य गर्न इच्छुक रहेको जानकारी गराउनुभयो। उहाँले नेपालको सूचना प्रविधि तथा दूरसञ्चार क्षेत्रमा लगानीमैत्री वातावरण थप सुदृढ बनाउन सकेमा अमेरिकी निजी क्षेत्रको लगानी आकर्षित हुनसक्ने धारणा समेत व्यक्त गर्नुभयो। उहाँले इन्टरनेट स्वतन्त्रताको संरक्षणसँगै डिजिटल माध्यमबाट हुने चुनौतीहरू व्यवस्थापन गर्नुपर्ने आवश्यकता औंल्याउँदै अनलाइन ठगी, अश्लील सामग्रीको प्रसार तथा बाल संवेदनशील सामग्रीको नियन्त्रणमा सहकार्य गर्न सकिने बताउनुभयो।

उक्त अवसरमा सूचना तथा सञ्चार मन्त्री डा. विक्रम तिमिल्सिनाले नेपाल र संयुक्त राज्य अमेरिकाको सम्बन्ध सुदृढ, मित्रवत् र सहकार्यमा आधारित रहेको विषयमा चर्चा गर्दै अमेरिकाले विपतका समयमा उपलब्ध गराउँदै आएको सहयोग एवम् विकास सहायताप्रति कृतज्ञता व्यक्त गर्नुभयो। नेपालमा राजनीतिक स्थिरता कायम भएको तथा सुशासन, पारदर्शिता र संस्थागत सुधारप्रति सरकार प्रतिबद्ध रहेको बारेमा उल्लेख गर्दै मन्त्री तिमिल्सिनाले डिजिटल पूर्वाधार, सूचना प्रविधि र दूरसञ्चार लगायतका क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्न नीतिगत सुधार गर्ने विषय सरकारको प्राथमिकतामा रहेको जानकारी गराउनुभयो। साथै, इन्टरनेट स्वतन्त्रता संरक्षण, जिम्मेवार र उत्तरदायी डिजिटल वातावरण निर्माण लगायतका क्षेत्रमा सहकार्य गर्न सकिने विषयमा समेत छलफल भयो।

उक्त भेटघाटमा सूचना तथा सञ्चार मन्त्रालयका सचिव, परराष्ट्र मन्त्रालय र अमेरिकी नियोगका पदाधिकारीहरूको समेत सहभागिता रहेको थियो।

काठमाडौं, १८ जेठ २०८३

सहसचिव एवम् प्रवक्ता

Scanned with CamScanner